बैठक नं. ५६

आज मिति २०७६।१०।०३ गते प्रदेश नं. ५ का प्रमुख सचि
श्री तोयनारायण ज्ञवालीज्यूको अध्यक्षतामा देहायबमोजिमको
उपस्थितिमा नियमित सचिव बैठक बसी देहायबमोजिमको निर्ण
गरियो।

उपस्थिति :

श्री तोयनारायण ज्ञवाली, प्रमुख सचिव, प्रदेश नं. ५
श्री मधुकुमार मरासिनी, सचिव, आर्थिक मामिला तथा यो
श्री तेजबहादुर सुवेदी सचिव भूमी व्य. कृषी तथा स. म.
श्री राधा वाग्ले सचिव उद्योग, पर्यटन, वन तथा व
श्री नूर मोहम्मद खाँ सचिव भौतिक पूर्वाधार वि. म.
श्री हरिहर पोखरेल नि. सचिव, आन्तरिक मा. तथा का. म
श्री धानेश्वर ज्ञवाली नि. सचिव सामाजिक वि. मन्त्रालय

आमन्त्रित :

श्री रामकान्त पाण्डेय, उपसचिव, मु. म. तथा म. प. का.
श्री कृष्ण प्र. पराजुली अधिकृत सातौं " "

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५ बुटवल

<u>निर्णयहरु</u>

१. प्रदेशका मन्त्रालय र कार्यालयहरुले पत्र प्राप्त गर्ने पदाधिकारी वा कर्मचारी र पत्र लेख्ने कर्मचारी बीचको मर्यादाक्रम र उपयुक्ततालाई समेत विचार गरीं मन्त्रालय र मातहत कार्यालयहरुबाट हुने पत्राचारलाई औपचारिक, मर्यादित  र स्पस्ट किसिमले सम्प्रेषण गर्ने व्यवस्था मिलाउने ।

२. माननीय मुख्यमन्त्रीज्यूबाट विभिन्न वैठकमा भएका निर्देशन, मन्त्रालयहरुको नीति कार्यक्रम, वजेट कार्यान्वयन कार्ययोजना र गत चौमासिकमा हासिल भएको लक्ष्य समेतलाइ ध्यान दिइ दोश्रो चौमासिकमा तोकिएको भौतिक तथा वित्तिय प्रगति हासिल हुने गरी सवै मन्त्रालयहरुले कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वंयनमा विशेष ध्यान दिई तोकिएको लक्ष हासिल गर्ने ।

३. आगामी फाल्गुण १०-१२ सम्म दाड जिल्लामा संचालन हुने प्रदेश एक्पोको लागि सवै मन्त्रालयहरुले प्रदेश सरकार स्थापना भएदेखि हालसम्म भएका महत्वपुर्ण उपलब्धिहरु समेटि सोको सार्वजनिकिकरण गर्न आवश्यक तयारी गर्ने गराउने ।

४. यस प्रदेशमा संचालन हुन गईरहेको लगानी सम्मेलनको पूर्वतयारी स्वरुप आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आयोजना गरिएको सार्वजनिक-निजी साझेदारी संवाद कार्यक्रममा बिषयक्षेत्रगत विज्ञहरुलाई आमन्त्रण गर्न विषयगत मन्त्रालयहरुले समन्वय एवम् सहयोग गर्ने ।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट संचालन हुने चालु आ.व.२०७६/७७ को भौतिक तथा वित्तिय प्रगति तथा बजेट कार्यान्वयन अवस्थाको अर्धबार्षिक समिक्षाका लागि सवै मन्त्रालयहरुले आवश्यक तयारी गर्ने ।

<u>सादर अवगतार्थ</u>
माननीय मुख्यमन्त्रीज्यू
माननीय मन्त्रिज्यूहरु